सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १८३ ♦ २०८० साल चैत्र १५ गते विहिवार ♦ 28 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# आज देखि एसईई परीक्षा सुरु हुँदै , धनुषाबाट १२ हजार बढी र महोत्तरीबाट ९ हजार ४३१ विद्यार्थी सहभागी हुँदै



**खबर दर्पण समाचारदाता**
**चैत्र १४ गते, महोत्तरी**

महोत्तरीबाट यस पटक एस.ई.ई. परीक्षामा ९ हजार ४३१ विद्यार्थी सहभागि हुने भएको छ । साधारण तर्फ सामुदायिक विद्यालयका ३९०८ छात्र,४१४९ छात्रा र संस्थागत विद्यालयका ४७७ छात्र,२९७ छात्रा गरि कुल ४३८५ छात्र र ४४४६ छात्रा गरि ८८३१ विद्यार्थी सहभागि हुदै छन भने प्राविधिक धार तर्फ सामुदायिक विद्यालयका ३२६ छात्र र १५८ छात्राले यसपटक परीक्षा दिने भएका छन। त्यसतै ग्रेडवृद्धी तर्फ सामुदायिक विद्यालयका ५३ छात्र र ५६ छात्रा तथा संस्थागत विद्यालयका ६ छात्र र १ छात्राले परीक्षा दिने भएका छन ।

शिक्षा विकास तथा समन्वय इकाइ महोत्तरीले केन्द्राध्यक्षहरुको लागि आयो जना गरेको एकदिने अभिमुखिकरण कार्यक्रममा सो तथ्यांक प्रस्तुत गरेको हो । महोत्तरीमा रहेको माध्यमिक विद्यालय स्तरका कु ल १३२ विद्यालयका छात्रछात्राहरु सहभागि हुने यस पटकको परीक्षामा कुल ३२ केन्द्र तोकिएको सो कार्यक्रममा जनाइएको छ । परीक्षामा सहभागि हुने विद्यालयहरुमा १०२ सामुदायिक विद्यालय र ३० संस्थागत विद्यालय रहेको शिक्षा विकास तथा समन्वय इकाइका निमित प्रमुख प्रतिभा साहले बताईन । यता अभिमुखिकरण कार्यक्रमकै दौरान केन्द्राध्यक्षहरुलाई महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले परीक्षा मर्यादित बनाउन निष्ठापुर्वक आफ्नो जिम्मेवारी निभाउन निर्देशन दिएका छन । परीक्षा अमर्यादित बनाउनेलाई कडा कार्यवाही गरिने यता प्रमुख जिल्ला अधिकारी गेलालले परीक्षा व्यवस्थित र मर्यादित हुने अपेक्षा रहेको भन्दै विगतका वर्षहरुमा देखिएका वेथितीहरु औल्याउदै कुनै पनि बहानामा परीक्षार्थीलाई चिट चोरी गर्न सहयोग गर्ने केन्द्राध्यक्ष,निरिक्षक वा जोसुकैलाई पनि कानुनी दायरामा ल्याएर कार्यवाही गर्न पछि नह्टने बताए । उनले केन्द्राध्यक्ष वाहेक निरिक्षक वा परीक्षामा खटिएका अन्य कर्मचारी वा विद्यार्थीसंग परीक्षा हलभित्र मोबाईल हुनु नपर्ने बताउदै पाइए जफत गरिने र कानुन अनुसार कार्यवाही हुने बताए।

परीक्षार्थीलाई परीक्षा दिन जाँदा अनुमति दिइएको सामग्री वाहेकको सामग्री जस्तै चिट,गाईड,गेसपेपर,साईन्टिफिक क्यालकुलेटर आदी फेला परे दिइएको निर्देशिका बमोजिम कार्यवाही गरिने बताए । उनले सामान्य क्यालकुलेटर भने परीक्षा हलमा ल्याउन पाइने समेत बताए । परीक्षा केन्द्र तोकिएको विद्यालयमा परीक्षा दिन आएका विद्यालयका कुनै पनि शिक्षक वा कर्मचारी सो केन्द्रमा बस्न नपाइने व्यवस्था रहेको प्रजिअ गेलालले केन्द्राध्यक्षहरुलाई अवगत गराए ।

अभिमुखिकरण कार्यक्रममा परीक्षा शाखाका पंकज कुमार झाले तथ्यांक तथा परीक्षा निर्देशिका र कार्य जिम्मेवारी लगायतका प्रस्तुतिकरण गरेका थिए ।

**खबर दर्पण समाचारदाता**
**चैत्र १४ गते, महेन्द्रनगर**

धनुषा जिल्लामा यस पटक माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ४८९ जना प्राविधिकतर्फका गरी १२ हजार २१४ जना विद्यार्थी सहभागी हुने भएका छन्। शिक्षा विकास तथा समन्वय इकाइ धनुषाका अनुसार चैत १५ गतेदेखि सुरु हुने एसइईमा छ हजार ४०६ जना छात्र र पाँच हजार ८०८ जना छात्रा सहभागी हुनेछ । परीक्षाका लागि ४३ वटा केन्द्र तोकिएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडारियाले परीक्षाका लागि आवश्यक सम्पूर्ण तयारी पुरा भएको बताए ।

परीक्षा समन्वय समितिका संयोजकसमेत रहनुभएका उनले सम्बन्धीत विद्यालयमा उत्तर पुस्तिका र प्रश्नपत्र नजिकको सुरक्षा निकायमा पठाइएको जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी कडरियाले परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्षरुपमा सम्पन्न गराउन सुरक्षा व्यवस्था मिलाइएको जनाए । उनले आफ्नै नेतृत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण, अनुगमन गरिने उनको भनाइ छ ।

मधेस प्रदेशका आठ जिल्लामध्ये यस पटकको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा धनुषाबाट सबैभन्दा बढी परीक्षार्थी सहभागी हुँदैछन् ।

यो वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) बिहीबार सुरु हुँदैछ। यसका लागि सबै तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।
१५ चैतबाट सुरु हुने परीक्षाका लागि प्रश्नपत्र, उत्तरपुस्तिकासहितका परीक्षासँग सम्बन्धित सामग्रीहरू सम्बन्धित परीक्षा केन्द्रमा पुर्‍याउने काम सकिएको छ। परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माकाअनुसार, ती सम्पूर्ण सामग्रीको सुरक्षा नजिकै रहेको सुरक्षा निकायले दिएको छ ।
शर्माले एसईईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न परीक्षामा खटिने केन्द्राध्यक्षलगायत जनशक्तिलाई अभिमुखीकरण समेत गरिएको बताए ।
देशभर २ हजार ६४ परीक्षा केन्द्र तोकिएको छ। यो वर्षको एसईईमा सामुदायिक तथा संस्थागत गरी १० हजार ८०६ विद्यालयका ५ लाख ४ हजार ४१४ परीक्षार्थी सहभागी हुँदैछन् ।
कुल परीक्षार्थीमध्ये ५०६ विद्यालयका १५ हजार ७४९ जना परीक्षार्थी प्राविधिकतर्फका छन् ।
एसईईमा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक सहयोगी कर्मचारी, सुरक्षाकर्मीसमेत गरी ७७ हजार ५०५ जनशक्ति प्रत्यक्ष रूपमा परीक्षा केन्द्रमा खटिने जनाएको छ ।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,



स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प




फलेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# भ्रामक समाचार बनाएर मेरो चरित्र हत्या गर्ने प्रयास भयो : माओवादी नेता भरत साह

**खबर दर्पण समाचारदाता**
**चैत्र १४ गते, बर्दिवास**

नेकपा माओवादी पार्टीका नेता तथा प्रदेश सभा सदस्य भरत प्रसाद साहले भ्रामक समाचार बनाएर चरित्र हत्या गर्ने प्रयास गरिएको बताएका छन् ।

मंगलबार केहि मिडियाहरुमा प्रकाशित "मधेसमा माओवादीको ओरालो यात्रामा भरत साहको भूमिका" नामक समाचार सत्य र तथ्यविहिन रहेको नेता साहले दावी गरेका छन् । उनले यस्तो बिना प्रमाण समाचार लेख्ने संचारकर्मीमाथि कडा भन्दा कडा कारवाहीको माग गरेका छन् ।

साहले सो समाचारमा आफुलाई पूर्वाग्राही बनाएर विना प्रमाणको एक पक्षीय समाचार लेखिएको आरोप लगाएका छन् । उनले भने , "समाचार एक पक्षीय छ । यसमा मलाई बिना प्रमाण पूर्वाग्राही बनाइएको छ। जबकि मैले सुरुवातको समय देखि माओवादी पार्टीको लागि विभिन्न समयमा मेहनती र लगनशील भएर कार्य गर्दै आएको छु । पार्टीको उन्नति र प्रगतिको लागि आफ्नो कार्यकालमा विभिन्न कार्य गरेको छु । जनताले मेरो काम हेरेर नै मलाई दोश्रो कार्यकालको लागि पनि गतको चुनावमा निर्वाचित गराएको हो मैले सदैव जनताको लागि नै कार्य गरेको छु ।"

नेता साहले समाचारमा 'मैले गरेको कुनै गलत कार्य भए प्रमाण सहित खुलाउनुपर्ने' बताए । तर समाचारमा एउटा पनि कुरा प्रमाण सहित नलेखिएको भेटिएकोले उनले खेद प्रकट गरेका छन् । यसरि समाचार लेख्दा सोचविचार नगरी , प्रमाण नजुटाई , सत्य तथ्य नकेलाई समाचार लेख्ने पत्रकारले पित पत्रकारिता गरेको देखिएको उनले बताए । उनले फेरी भने , "संचारक्षेत्रको अवस्था पनि अहिले पहिलाको तुलनामा खस्किदै गएको छ । त्यसको प्रमुख कारण पनि यस्ता यस्ता पत्रकार नै हुन् । जसले सत्यको पक्ष र असत्यको विपक्षमा कलम चलाउन सकेनन् । तसर्थ संचार कर्मीहरुले समाजको हितको लागि , न्यायको लागि कलम चलाउनुपर्छ । होइन भने झुटा र भ्रामक कुरा लेख्नेहरुले पत्रकारिता नगरेकै बेश हुन्छ ।"



मधेशी सहिद प्रतिष्ठान संचालन गरि सहिद परिवार तथा आन्दोलनका क्रममा घाइते , बेपत्ता भएका परिवारको हितको लागि कार्य गरेको छु भन्दै आफ्नो कार्य कालमा यस्ता अनेक कार्य गरेको उनले दावी गरे । उनले भने , यदि मैले पार्टीको हित विपरित कार्य गरेको भए म पुनः प्रदेश सभा सदस्य बन्ने थिइन र पार्टीमा संसदीय दलको नेता पनि बन्ने थिइन । तर महोत्तरी क्षेत्र न. १ को (ख) बाट २०७४ को चुनाव भन्दा २०७९ को चुनावमा बढी मत ल्याएर म बिजयी भए । यो सव मैले पार्टीप्रति गरेको मेहनतको नतिजा हो । उक्त समाचारमा मैले आफ्नो पार्टीका अन्य व्यक्तित्वहरुलाइ थिचोमिचो गर्न खोजेको कुरा लेखिएको छ , जुन सरासर झुट हो, गलत हो । माओवादी पार्टीकै नेता तथा पुर्व शिक्षा विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले महोत्तरी क्षेत्र न. १ को (ख) बाट राम्रै मत पाए ।तर उनले क्षेत्र न. १ को (क) मा कम मत पाएको कारण हार व्यहोर्न पुगे । त्यसको दोषी म होइन । तसर्थ पार्टीका अन्य व्यक्तिहरुलाइ सहयोग नगरेको भनेर समाचारमा गलत टिप्पणी गरिएको छ ।

### पार्टीको लागि गरिएको प्रमुख कार्यहरुप्रति नेता साहको भनाइ यस्तो छ :

२४० बर्षीय तानाशाही राजतन्त्रलाई फालेर वर्गीय खाडललाई पुर्न र देशमा जनवादी क्रान्ति सम्पन्न गरी समाजवादको दिशा तर्फ अघि बढ्न, पार्टीले २०५२ साल फाल्गुण ०१ गते जनयुद्धको थालनी गऱ्यो र म त्यस युद्धमा होमिएँ।

मलाई थाहा छ, सो विद्रोहको एक सच्चा सिपाहीको नाताले, मैले आफू र आफ्ना घर-परिवार भन्दा देश र जनतालाई सर्वोपरि ठानी आवश्यक परे देशको लागि बलिदान हुनसमेत पछि नपर्ने सङ्कल्प सहित, युद्धका विभिन्न मोर्चाहरू सम्हालेँ। सोही क्रममा २०६० साल आषाढ ३ गते महोत्तरीको खयरमारा मा. वि. निर सेनाको गोली हातमा लागी घाइते हुन पुगेँ। तर मेरो अदम्य साहस अनि देश र जनता प्रतिको माया र लगावको कारण कहिल्यै विचलित भइनँ। बरू निरन्तर युद्धकै मोर्चामा एक सच्चा क्रान्तिकारी भई डटिरहेँ; कहिले जङ्गलमा त कहिले सेना र प्रहरीको बन्द कोठरीमा मेरो बास हुन्थ्यो जो समयको माग पनि थियो। स्मरण रहोस्, युद्धताका मेरो हजुरबुवा, बुवा र भाइले पनि धेरै पटक जेल जीवन व्यतीत गरेका छन्।

यसरी १० वर्षे सशस्त्र जनयुद्धले शाही निरङ्कुशताको जरो हल्लाइदियो र त्यसै बेला नेपाली काँग्रेस लगायत विभिन्न राजनीतिक दलहरूसँग एकता कायम गर्दै हाम्रो पार्टीले १२ बुँदे लिखित सम्झौता गरी निरङ्कुश राजतन्त्रलाई फाल्ने र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने हेतू अघि बढ्यो। परिणाम स्वरूप १० वर्षे जनयुद्ध र १२ बुँदे सम्झौताको बलमा ०६२/०६३ को जनआन्दोलनले २४० वर्षे शाही राजतन्त्रलाई जरैदेखि नै उखेलेर फाल्न सफल भयो।

अतः यसरी स्थापित भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल र यसको संविधानलाई प्रतिगमनकारी तत्वहरूबाट फेरि पनि बचाउन र युद्धका उपलब्धिहरूलाई जोगाउन ५ दलीय गठबन्धनको साझा उम्मेदवारको रूपमा महोत्तरी क्षेत्र नम्बर १(२) बाट मधेश प्रदेश सभा सदस्यमा मेरो उम्मेदवारी कायम रह्यो र तपाईं आम जनता अनि ५ दलीय गठबन्धनका घटक दलहरूले भगिरथ प्रयत्रुन र अथक मिहिनेत गरी मलाई विजयी बनाउन सफल पनि हुनुभयो। यसर्थ, युद्धबाट आएको एक सच्चा सिपाहीको नाताले, अनि ५ दलीय गठबन्धनको साझा उम्मेदवार भएको करणले, यस क्षेत्रको विकास र समृद्धिको निम्ति ५ दलीय गठबन्धन घटकलगायत तपाईं आम जनतालाई म कहिल्यै निराश हुन दिने छुइनँ। पार्टीको लागि , जनताको लागि जहिले पनि हकहितको काम गरेको छु र गरिरहनेछु ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष**- प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन**-समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कन्या** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरधाममा धूमधाम साथ होली मनाइयो





**खबर दर्पण समाचारदाता**

**चैत्र ९ गते, महेन्द्रनगर**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा बुधबार होली पर्व मनाइएको छ।

मथिला समाजमा खानपानसँगै संस्कृति पनि जोडिएको हुनाले परम्परा अनुसार जनकपुर धामवासीले होली मनाएका हुन्। मिथिला माध्यमिक परिक्रमाको भोलिपल्ट होली मनाउने चलन छ। होली मनाउने दिन मंगलबार परेको हुनाले बुधबार होली मनाइएको हो।

जनकपुरधामको प्रसिद्ध श्री महावीर युवा कमिटीद्वारा बुधबार मट्काफोर कार्यक्रम गरेर होली मनाइएको छ। होलीका दहन गरेर होलीको सुरुवात गरिएको थियो भने आज मट्काफोर गरेर समापन गरिएको छ। कार्यक्रममा हजारौँको सङ्ख्यामा व्यक्तिको उपस्थित रहेको कमिटीको अध्यक्ष अजयकुमार गुप्ताले जानकारी गराउनुभयो।

मंगलबार हनुमानजीको दिन हो र यस दिन मान्सहारी भोजन गरिँदैन हाम्रो सबै पर्वमा खानपानको विशेष छ जस्तै वैशाखमा जुडसिल हुन्छ।

वरिष्ठ पत्रकार एवं साहित्यकार श्यामसुन्दर शशि आधुनिकीकरण जति बढे पनि हाम्रो संस्कृति यथावत नै रहेको छ। 'मंगलबार माछामासु खाइँदैन त्यस कारणले गर्दा आफ्नो मौलिकता जोगाउँदै हामीले होली हिजो पनि मनायौँ। पौराणिक मूल्य मान्यताका साथ लोक गायन फगुवा गायनका साथ होली मनाएको हो।' यस आधुनिक युगमा भावी पुस्ताका लागि सन्देश दिने उद्देश्यका साथ होली मनाउँदै गरेका छौँ। होरीया गाएर घरघर आज भन्दा २० औँ वर्ष पहिले होली मनाइन्थ्यो। त्यही स्मरण स्वरूप हामीले होरीया गाएर होली मनाएका छौँ।

हिन्दुको महान् पर्व होलीको अवसरमा प्रेम, सद्भाव र भाइचारा कायम रहोस्, होलीको रङ्ग कजस्तै सबैको जीवन सधैँ रङिन रहोस् भन्ने कामनाका साथ होली आज मनाइएको जनकपुरधाम उपमहानगर पालिका वडा नं. ८ का वडा अध्यक्ष दिनेश सिंहलेले जानकारी दिनुभयो।

सर्पको टोकाइबाट बच्ने उपायहरु
सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।
सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।
रामगोपालपुर नगरपालिका, महोत्तरी

सर्पको टोकाइबाट बच्ने उपायहरु
सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।
सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।
भंगहा नगरपालिका, महोत्तरी

सर्पको टोकाइबाट बच्ने उपायहरु
सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।
सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।
औहरी नगरपालिका, महोत्तरी

सर्पको टोकाइबाट बच्ने उपायहरु
सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।
सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।
मठिहानी नगरपालिका, महोत्तरी

# बर्दिवास नगरपालिकाको नवनिर्मित प्रशासनिक भवनको विधिवत उदघाटन



**खबर दर्पण समाचारदाता**

**चैत्र १४ गते, महोत्तरी**

बर्दिवास नगरपालिकाको कार्यालय आफ्नै नवनिर्मित प्रशासनिक भवनको विधिवत उदघाटन गरिएको छ ।

बर्दिवास नगरपालिका प्रमुख प्रह्लाद कुमार क्षेत्री र उपप्रमुख तारादेबी महतोले बुधवार बिधिबत रुपमा पुजा अर्चना गरी प्रशासनिक भवनको उदघाटन गरेका हुन् ।

प्रशासनिक भवनको विधिवत उदघाटन भएपछि अब नयाँ वर्ष २०८१ देखि यहि कार्यालय संचालन हुने नगर प्रमुख क्षेत्रीले जानकारी दिए।

आर्थिक बर्ष २०७८-७७९ मा एम पियुस र ओमनिल कन्डजेभि फाईनन्स तिनकुने काठमांडौसंग सम्झौता भई बर्दिवास नगर पालिकाको वडा नम्बर १४ स्थित २४ कट्ठा क्षेत्रफल रहेको नगर पालिकाको आफ्नै स्वामित्वको जग्गामा ९ करोड ९७ लाख २४ हजार १ सय ८७ रुपियाँ लागतमा सम्पन्न हुन लागेको बहुबर्षे आयोजना अन्तर्गत तीन बर्षभित्र सम्पन्न भएको हो ।

नबनिर्मित भबनबाट २०८१ साल बैशाख महिनादेखी नगर पालिकाको प्रमुख,उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष, प्रशासन, योजना, प्राविधिक स्वास्थ्य लगायत सम्पुर्ण शाखाहरूले सेवा प्रवाह गर्ने नगरपालिकाका अधिकृत मुरारी प्रसाद तिमल्सिनाले जानकारी दिए ।

# कर्जन्हाका तत्कालीन नगर प्रमुखसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**खबर दर्पण समाचारदाता**

**चैत्र १४ गते, सिरहा**




सिराहाको कर्जन्हा नगर पालिकाका तत्कालीन नगर प्रमुख गंगा पासमानसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७८/७९ मा नगर पालिकाको प्रशासनिक भवन निर्माणको लागि भएको ठेक्कामा अनिमियतता गरेको भन्दै उनीहरूविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

अख्तियारले तत्कालीन मेयर पासमान र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डलले स्थानीय तहको केन्द्र परिवर्तन नहुँदै प्रशासनिक भवन बनाउनको लागि बोलपत्र आह्वानको लागि निर्णय गरी सार्वजनिक सम्पत्तिको नोक्सानी पुऱ्याएको जनाएको छ ।

उच्च अदालत जनकपुरले प्रक्रिया पूरा नभएसम्म नगर पालिकाको कार्यालय अन्यत्र स्थानान्तरण नगराउन आदेश दिएको थियो ।

त्यस्तै तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार र लेखापाल प्रविनकुमार महतोले निर्माणस्थलको व्यवस्था नभइ भवन बनाउनको लागि सम्झौता गरेको र निर्माण कम्पनीलाई पेश्की रकम दिएको अख्तियारले दाबी गरेको छ ।


निर्माण व्यवसायी महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जेभीका आधिकारिक प्रतिनिधि बैजनाथ यादवले कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि पेश्की लगेर काम सुरू नगरेको अख्तियारको भनाइ छ ।

अदालतको आदेशसमेत नमानी सार्वजनिक सम्पत्तिको नोक्सानी पुऱ्याएको भन्दै अख्तियारले सबै प्रतिवादीलाई १ करोड ८ लाख रुपैयाँ बिगो कायम गरी जरिवाना गर्नुपर्ने दाबी गरेको छ ।


## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**बर्दिवास नगरपालिका, महोत्तरी**



## छाडा चौपाया र सडक छेउबाट निर्माण तथा अन्य सामाग्री हटाउने सम्बन्धी सूचना ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र सडकमै निर्माण समाग्री नराख्न, सड्क पेटी अतिक्रमण गरी व्यापार व्यवसाय नगर्न, घरपालुवा पशु चौपायाहरु छाडा नछोड्न पटक पटक अनुरोध गर्दा समेत सो को वेवास्ता गरी बजारमा सडकमै निर्माण समाग्री राख्ने, सडक पेटी अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, छाडा चौपायाहरु सडक मै छोडी सार्वजनिक यातायात आगमनमा अबरोध गर्ने लगायतका बिभिन्न समस्या सृजना भएकोले यस्ता कार्य नगर्न गराउन सबैलाई सूचित गरिन्छ । सूचनालाई अटेर गरी यस्ता कार्य गर्नेमाथि कानुनी कारवाही प्रक्रिया अगाडि बढाइने सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**










खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा